# अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २२ को उपदफा (४) सँग सम्बन्धित परशुराम नगरपालिकाको राजस्व अनुमान तथा संकलन र खर्चसम्बन्धी पुष्ट्याई र सुधारका उपायहरूको विवरण

**कानूनी व्यवस्था:**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २२ को उपदफा (४) मा "स्थानीय तहले राजस्व र व्ययको अनुमान पेस गर्दा अघिल्लो आर्थिक वर्षमा गरिएको राजस्वको अनुमान अनुसार राजस्व सङ्कलन हुन नसकेको वा खर्चको लागि छुट्याएको रकम लक्ष्य अनुसार खर्च हुन नसकेकोमा त्यसको कारण र त्यसका लागि गरिने सुधारका उपायको विवरण संलग्न गर्नु पर्नेछ।" भन्ने व्यवस्था रहेको छ। प्रस्तुत कानूनी व्यवस्थाबमोजिम परशुराम नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको अनुमान पेस गर्दा आधार, कारण तथा पुष्ट्याईसहित देहायको विवरण संलग्न गरिएको छ।

**विवरण:**

(क) **परशुराम नगरपालिकाको राजस्वको अनुमान, असुली, न्यून असुलीका कारण र सुधारका उपाय**

१. **परशुराम नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को राजस्वको अनुमान र असुलीको विवरण**

| आर्थिक वर्ष | लक्ष्य (रु.) | यथार्थ असुली (रु.) | असुली प्रतिशत | थप/घट (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| २०८१/८२ | २,१०,१०,०००.०० | १,२८,४२,६२२.४३ | ६१.१३ | ८१,६७,३७७.५७ | घटि संकलन |
| २०८२/८३ | २,६०,००,०००.०० | १,२५,४५,५१९.७४ | ४८.२५ | १,३४,५४,४८०.२६ | घटि संकलन |

२. **लक्ष्य अनुसार राजस्व सङ्कलन हुन नसक्नुका कारणहरू**

- ✓ आन्तरिक राजस्व परिचालनको अनुमान तथ्य, तथ्यांक तथा प्रमाणमा आधारित, यथार्थ, वैज्ञानिक र वस्तुनिष्ठ हुन नसक्नु।
- ✓ नगरपालिकाले आन्तरिक राजस्वको दायरा विस्तार गर्न नसक्नु।
- ✓ राजस्व संकलनका लागि प्रभावकारी नीति तथा कार्यक्रम र प्रयासहरूको कमी रहनु।
- ✓ नगरपालिकामा उद्योग, कलकारखाना, व्यापारिक प्रतिष्ठान तथा आर्थिक क्रियाकलापहरूको न्यूनता हुनु।
- ✓ बजेट तर्जुमा गर्दा विनियोजन कुशलता र खर्चमा दक्षता तथा अनुशासनको कमी हुनु।
- ✓ विकास निर्माणका कार्यहरू समयमैं सम्पन्न नहुँदा पुँजीगत खर्चको हिस्सा न्यून हुनु।

३. **लक्ष्य अनुसार राजस्व संकलनका लागि अवलम्बन गरिने सुधारका उपायहरू**

- ✓ आर्थिक वर्ष २०८३/८४ को राजस्व अनुमानलाई विगतका वर्षहरूमा गरिएको राजस्वको अनुमान र यथार्थ सङ्कलनको विश्लेषण, आर्थिक गतिविधिहरूको विश्लेषण, पुँजीगत खर्च क्षमताको अनुमान लगायतको तथ्यमा आधारित विश्लेषण गरेर प्रक्षेपण गर्ने।
- ✓ राजस्वका नयाँ दायरा विस्तार गरी आवश्यकता र औचित्यका आधारमा दरमा संशोधन गरिनेछ। साथै, गैरकर राजस्वका क्षेत्रहरूको पहिचान गरी संकलनलाई प्रभावकारी बनाउने।
- ✓ चालु खर्चमा उच्च मितव्ययिता तथा कटौती गर्दै पुँजीगत खर्चमा विनियोजन बढाउनु पर्ने।

- ✓ छिटो प्रतिफल दिने, उल्लेखनीय रूपमा रोजगारी सिर्जना गर्ने, आर्थिक गतिविधिलाई चलायमान बनाउने तथा पुँजी निर्माणमा सघाउ पुऱ्याउने खालका उत्पादनमुखी आयोजना तथा कार्यक्रममा रकम विनियोजन गर्ने।
- ✓ स्थानीयस्तरमा लघु उद्योग तथा उद्यमशीलता विकासका लागि तालिम तथा प्रशिक्षण एवम् सीप विकासमा लगानी गरी आयआर्जन तथा आर्थिक गतिविधि विस्तारमा जोड दिने।
- ✓ राजस्व संकलनलाई चुस्त दुरूस्त तथा प्रभावकारी बनाउन वडा कार्यालयहरूलाई सूचना प्रविधिमैत्री तथा सेवाग्राहीहरूलाई कर सचेतनासम्बन्धी अभिमुखीकरण गर्ने।
- ✓ विकास निर्माणका कार्यहरूलाई समयमैं सम्पन्न गर्न आयोजना व्यवस्थापन, अनुगमन तथा मूल्यांकन र प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाउनु पर्ने। खरिद योजना तथा बजेट कार्यान्वयन कार्ययोजना तयार गरी सोही अनुसार आयोजना कार्यान्वयन गर्ने प्रणालीको विकास गर्ने।
- ✓ नदीजन्य पदार्थको संकलन तथा उपयोगका लागि समयमैं ठेक्का लगाइनेछ। साथै, प्रचलित कानूनको उल्लंघन गरी नदीजन्य पदार्थ संकलन गर्ने, चोरी निकासी गर्नेलाई उल्लेखनीय मात्रामा जरिवाना भराउने गरी आर्थिक ऐनमा व्यवस्था गर्ने।
- ✓ नगरपालिकाको राजस्व संकलनलाई यथार्थ, तथ्यांकमा आधारित र वैज्ञानिक बनाउन तथा चुहावट नियन्त्रण गर्न "आन्तरिक राजस्व संकलन तथा चुहावट नियन्त्रण कार्ययोजना" तर्जुमा गर्ने।

**(ख) <u>परशुराम नगरपालिकाको व्ययको अनुमान, खर्च न्यून हुनुका कारण र खर्चमा सुधारका उपाय</u>**

**१. परशुराम नगरपालिकाको व्ययको अनुमान र यथार्थ खर्च (रु.)**

| आर्थिक वर्ष | कुल विनियोजन | चालुतर्फ विनियोजन | पुँजीगततर्फ विनियोजन | चालु खर्च (%) | पुँजीगत खर्च (%) | जम्मा खर्च (%) |
|---|---|---|---|---|---|---|
| २०८१/८२ | ७४,९५,५६,९१७.८१ | ५२,८७,१०,२०८.८१ | २२,०८,४६,७०९.०० | ८७.६६ | ८१.०३ | ८५.७१ |
| २०८२/८३ | ७९,८५,४९,४३५.०० | ५५,७०,५९,०६३.२७ | २४,१४,९०,३७१.७३ | ६६.०७ | १७.१९ | ५१.२९ |

**२. खर्च न्यून हुनुका कारणहरू**

- ✓ बजेट कार्यान्वयनको संस्थागत क्षमता कमजोर हुनु।
- ✓ कार्यक्रम कार्यान्वयनका लागि स्पष्ट नीति, कानून, कार्यविधि तथा मापदण्डको कमी हुनु।
- ✓ बजेट कार्यान्वयन कार्ययोजना तथा खरिद योजनाको अभ्यास नहुनु।
- ✓ आयोजना कार्यान्वयनका लागि ठोस योजना, कार्यतालिका तथा अनुगमन र मूल्यांकन प्रणालीको अभ्यास नहुनु।
- ✓ बजेट कार्यान्वयनका सम्बन्धमा जनप्रतिनिधि र कर्मचारीहरूबीच समन्वय, सहकार्य र साझा प्रतिबद्धताको कमी हुनु।
- ✓ कर्मचारीहरूको अपर्याप्तता र क्षमता विकासको कमी हुनु।
- ✓ आर्थिक वर्षको अन्तमा आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रवृत्ति अत्यधिक हुनु।
- ✓ वित्तीय अनुशासन र कानूनको पालनमा कमी हुनु।

**३. बजेट खर्च अभिवृद्धिका लागि अवलम्बन गरिने सुधारका उपायहरू**

- ✓ बजेट खर्च गर्ने अख्तियारी श्रावण पहिलो हप्ताभित्रै दिने।
- ✓ बजेट कार्यान्वयनका लागि संस्थागत क्षमता सुदृढ गर्ने।
- ✓ बजेट कार्यान्वयनसम्बन्धी विस्तृत मार्गदर्शन श्रावण दोस्रो हप्ताभित्रै तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।
- ✓ आयोजना कार्यान्वयनका लागि खरिद योजना, आयोजना नतिजामूलक अनुगमन तथा मूल्यांकन र प्रतिवेदन तालिका श्रावण पन्ध्र गतेभित्र तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।
- ✓ कार्यक्रम कार्यान्वयनका लागि आवश्यक नीति, ऐन/नियम, कार्यविधि तथा मापदण्ड, निर्देशिका लगायतका आवश्यक कानून समयमैं तर्जुमा गर्ने।
- ✓ कर्मचारीहरूको क्षमता विकासका लागि आवश्यक तालिम तथा प्रशिक्षणको व्यवस्था गर्ने।
- ✓ बजेट कार्यान्वयनका क्रममा सम्बद्ध निकायहरूबीच आवश्यक समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने।
- ✓ स्रोतको पर्याप्त व्यवस्थापन गर्ने। चालु र फजुल खर्चलाई नियन्त्रण गर्दै पुँजीगत खर्च अभिवृद्धि गर्ने।
- ✓ एकै प्रकृतिका साना आयोजनाहरूलाई प्याकेज बनाएर ठेक्का प्रक्रियाबाट कार्यान्वयन गर्ने।
- ✓ उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनाहरूको समयमैं सम्झौता गरी आवश्यक अभिमुखीकरणसहित कार्यान्वयनको प्रभावकारी अनुगमन गर्ने।
- ✓ आयोजना कार्यान्वयनका क्रममा उत्पन्न हुने विवादलाई समयमैं निरूपण गर्ने।
- ✓ कानूनको पालना, वित्तीय अनुशासन, सुशासन र विकासका लागि जनप्रतिनिधि र कर्मचारीहरूबीच साझा प्रतिबद्धता र आपसी सहयोग तथा सहकार्य हुनुपर्ने।
- ✓ वर्षान्तमा आएर ढिलो गरी आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्ने।
- ✓ स्रोत सुनिश्चितता बेगरका आयोजना तथा कार्यक्रम कार्यान्वयन नगर्ने।